बैठक संख्याः१५१

आज मिति २०८३।०८।०७ गते यस गाउँपालिकाका अध्यक्ष श्री माधवप्रसाद अर्यालज्यूको अध्यक्षतामा तपसिलका कार्यपालिका सदस्यहरुको उपस्थितिमा बैठक बसी देहाय बमोजिम निर्णयहरु गरियो।

उपस्थितिः

क्र.सं.	नाम,थर	पद	दस्तखत
१	श्री माधवप्रसाद अर्याल	अध्यक्ष	
२	श्री चमेली गुरुङ	उपाध्यक्ष	
३	श्री मारसिंङ तामाङ	वडा अध्यक्ष	
४	श्री टुकु प्रसाद सुवेदी	वडा अध्यक्ष	
५	श्री लाल बहादुर तामाङ लामा	वडा अध्यक्ष	
६	श्री अमर बहादुर बुलुन	वडा अध्यक्ष	
७	श्री यमनाथ आचार्य	वडा अध्यक्ष	
८	श्री ज्ञानु वि.क.	सदस्य	
९	श्री बुटी तामाङ	सदस्य	
१०	श्री शान्ति माया तामाङ	सदस्य	
११	श्री पुतली विश्वकर्मा	सदस्य	
१२	श्री पूर्ण बहादुर घले	सदस्य	
१३	श्री राम बहादुर विश्वकर्मा	सदस्य	
१४	श्री तिलकराम पोखरेल	सदस्य सचिव	

उत्तरगया गाउँपालिका गाउँ कार्यपालिकाको वैठक निर्णय पुस्तिका

वैठक संख्याः १५१ मितिः २०८३/०८/०७

प्रस्तावहरुः

१. विशेष सभामा वजेट तथा कार्यक्रम संशोधन पेश गर्ने सम्वन्धमा।
२. भोटेकोशी वाढी पिडित परिवारलाई जीविकोपार्जनको लागि खर्च उपलव्ध गराउने सम्वन्धमा।
३. संस्थावाट प्राप्त भएको जेनेरेटर डेरी सञ्चालनका लागि कालिका सहकारी संस्थालाई उपलव्ध गराउने सम्वन्धमा।
४. तत्काललाई भूमि प्रशासन सेवा सञ्चालन गर्न नसकिने जानकारी मन्त्रालयलाई गराउने सम्वन्धमा ।
५. उत्तरगया आँखा केन्द्र सञ्चालन सम्वन्धमा ।
६. रकम उपलव्ध गराउने सम्वन्धमा।

निर्णयहरुः

१. मिति २०८३ साल भदौ १० गते आएको वाढीका कारण गाउँपालिकाका विभिन्न स्थानमा जनधन, भौतिक पूर्वाधार, सडक, खानेपानी, सिँचाइ, विद्यालय, सार्वजनिक संरचना तथा निजी सम्पत्तिमा क्षति पुगेको र वाढीवाट प्रभावित नागरिकहरूको राहत, उद्धार, पुनःस्थापना तथा क्षतिग्रस्त संरचनाहरूको मर्मत सम्भार र पुनर्निर्माणका कार्यहरू तत्काल गर्नुपर्ने अवस्था सिर्जना भएको हुँदा चालु आर्थिक वर्ष २०८३/०८४ का लागि वडागत र शाखागत स्वीकृत वजेट तथा कार्यक्रमहरुमा विपद् प्रतिकार्य र पुनर्लाभका लागि कार्यालयले वजेट तथा कार्यक्रमहरु प्राथमिकीकरण गर्नुपर्ने भएको हुँदा आवश्यक संशोधन तथा रकमान्तर गर्नुपर्ने देखिएकोले विनियोजन ऐन २०८३ लाई संशोधन गर्न वनेको विधेयक २०८३ विशेष सभामा पेश गर्ने। यस अन्तर्गत वडागत र शाखागत वजेट मार्फत कुल रकम रु ३ करोड ५५ लाख १० हजार कटौती गरी सो रकम विपद् व्यवस्थापन कोषमा व्यवस्थापन गर्ने गरी संशोधन विधेयक प्रस्ताव गर्ने ।

२. मिति २०८३ साल भाद्र १० गतेको भोटेकोशी वाढी वाट प्रभावित भई वसोवास गर्दै आएको आवास पूर्णरुपमा क्षति भई अन्यत्र वसोवास गर्ने घर नभएका प्रभावितहरुलाई मिति २०८३ साल भाद्र देखिको माघ महिनासम्मको घरभाडा सम्झौता, सम्वन्धित वडाको वडा अध्यक्षको सिफारिस पत्र, होल्डिङ सेन्टर र अस्थायी आवासमा वसेका वाहेक सम्वन्धित वडा कार्यालयवाट

तिलकराम खतिवडा
मुख्य प्रशासकीय अधिकृत

लाभग्राही कायम भए पश्चात् अन्यत्र बसोबासका लागि घर नभएको स्वघोषणाको आधारमा प्रत्येक महिनाको रु ५,०००।- का दरले घर भाडा खर्च उपलब्ध गराउने ।

३. संस्थाबाट सहायताका रुपमा गाउँपालिकाको कार्यालयलाई प्राप्त भएको जेनेटर अर्को व्यवस्था नभएसम्म दूध डेरी सञ्चालनका लागि कालिका सहकारी संस्थालाई सहयोग स्वरुप उपलब्ध गराउने । सो जेनेटर ढुवानी, व्यवस्थापन र सञ्चालन सम्बन्धी सम्पूर्ण खर्च सम्बन्धित सहकारीले नै व्यहोर्ने गरी आवश्यक प्रबन्ध मिलाउनुपर्ने ।

४. श्री भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको मिति २०८३/०७/१६, च.नं. ४३८ को पत्रबाट स्थानीय तहबाट भूमि प्रशासन सेवा सञ्चालन गर्ने सम्बन्धमा परिपत्र भएकोमा गाउँपालिकाको कार्यालयको स्थायी भवन तथा आवश्यक भौतिक पूर्वाधारको अभाव, अस्थायी कार्यालयमा विद्युत् तथा इन्टरनेट सेवाको समस्यालगायतका कारण तत्काल भूमि प्रशासन सेवा सञ्चालन गर्न अन्यन्त कठिन रहेको छ। तसर्थ, यस गाउँपालिकामा कार्यालयको भौतिक पूर्वाधार, आवश्यक उपकरण तथा जनशक्ति व्यवस्थापन पश्चात् भूमि प्रशासन सेवा सञ्चालन गर्ने प्रतिवद्धतासहित तत्काल सेवा सञ्चालन गर्न नसकिने व्यहोरा श्री भूमि व्यवस्था, सहकारी तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय समक्ष अनुरोध गर्ने ।

५. उत्तरगया गाउँपालिकाको ५ नं स्थित कैदलेटारमा रहेको उत्तरगया आँखा केन्द्र मिति २०८३ साल भाद्र १० गतेको बाढीका कारण पूर्णरुपमा क्षति भएकोले उक्त आँखा केन्द्र उपयुक्त ठाउँमा सञ्चालनमा ल्याई सेवा सूचारु गर्ने ।

६. यस गाउँपालिकाको शान्ति सुरक्षा, अमनचयन तथा सामाजिक सद्भाव कायम राख्न अहोरात्र खटिई सार्वजनिक सेवा प्रवाहमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको देहायका प्रहरी चौकीलाई वडादशैंको अवसरमा परम्परागत रुपमा गर्दै आएको हातहतियार तथा निशान पूजाका लागि भएको खर्च वापत तपसिलमा उल्लेखित प्रहरी चौकीलाई देहाय बमोजिमको रकम विविध शीर्षकबाट भुक्तानी गर्ने ।

तपसिलः

श्री डाँडागाउँ प्रहरी चौकी – रु १५ हजार

श्री वेत्रावती प्रहरी चौकी – रु २५ हजार

प्रशासकीय अधिकृत